क्रिसमस ? यसको अर्थ के हो ?



धेरै मानिसहरूले संसारभरि **क्रिसमस** मनाउछन् । तपाईंले बत्तीहरू, विशेष रूखहरू, र *सान्ता क्लोज* नाम राखिएको सेतो दाह्री पालेको एउटा मोटो रातो मान्छे पनि देख्नुभएको हुन सक्छ । त्यसो भएता पनि सुरुमा क्रिसमस यी कुनैपनि कुराहरूको वारेमा थिएन । त्यसो हो भने, क्रिसमस वास्तवमा के को वारेमा हो त ?

"क्रिसमस" शब्द आफैले नै हामीलाई त्यसको अर्थ बुझ्न सजिलो बनाउछ । यो दुईवटा शब्द "क्राइस्ट" र "म्यास" मिलेर बनेको छ । "क्राइस्ट" को अर्थ एउटा विशेष उद्देश्यको निम्ति परमेश्वरद्वारा "अलग गरिएको" भन्ने हो । "म्यास" को अर्थ "उत्सव" हो । त्यसकारण, क्रिसमस भनेको परमेश्वरद्वारा अलग गरिएको व्यक्तिको आगमनको उत्सव हो । अनि त्यो व्यक्ति को हुनुहुन्छ ? उँहा त्यो व्यक्ति हुनुहुन्छ जसलाई नासरतका[1] येशूको नामले चिनिन्छ ।

पहिलो क्रिसमस यसरी भएको थियो । करिब दुई हजार वर्षअघि, इस्राएलमा, रोमी सरकारले जनगणना लिने घोषणा गऱ्यो । सबै जनताले आ-आफ्ना सहरमा तिनीहरूका नाम दर्ता गराउनुपर्ने भयो । त्यसैले, योसेफ नाम गरेका एकजना व्यक्ति बेथलेहेममा गए...

---

[1] येशू मध्यपूर्वमा पर्ने नासरत भन्ने एउटा सहरको व्यक्ति हुनुहुन्थ्यो । नासरत आजको इस्राएलमा पर्थ्यो ।




...नाउँ दर्ता गराउन तिनी आफूसँग मगनी भएकी मरियमलाई साथमा लिएर गए । मरियम गर्भवती थिइन् । तिनीहरू त्यहाँ भएकै बेला मरियमको बालक जन्माउने बेला आयो । तिनले आफ्नो जेठो छोरो जन्माइन् र उहाँलाई लुगाले बेह्रेर डूंडमा राखिन्, किनकि तिनीहरूका निम्ति पौवामा ठाउँ थिएन ।



त्यही इलाकामा गोठालाहरू थिए, जसले चउरमा बसेर राती आफ्नो बगालको रखवाली गर्थे । प्रभुका एकजना

स्वर्गदूत तिनीहरूकहाँ देखा परे, र प्रभुको तेज तिनीहरूका वरिपरि चम्क्यो, अनि तिनीहरू साह्रै डराए । तब स्वर्गदूतले तिनीहरूलाई भने, "नडराओ, किनभने हेर, म तिमीहरूलाई बडो आनन्दको सुसमाचार सुनाउँछु, जो सबै मानिसहरूका निम्ति हुनेछ । आज दाऊदको सहरमा तिमीहरूका निम्ति एकजना मुक्तिदाताको जन्म भएको छ , जो ख्रीष्ट प्रभु हुनुहुन्छ । तिमीहरूलाई चिन्ह चाहिँ यो हुनेछ : तिमीहरूले एउटा बालकलाई लुगाले बेह्रेको र डूँडमा सुताइराखेको भेट्टाउनेछौ ।"

तब एक्कासि ती स्वर्गदूतसँग स्वर्गीय सेनाको एउटा दल देखा पऱ्यो । परमेश्वरको स्तुति गर्दै, तिनीहरूले भने, "सर्वोच्चमा परमेश्वरलाई महिमा, र पृथ्वीमा जुन मानिसहरूसँग उहाँ प्रसन्न हुनुहुन्छ, तिनीहरूलाई शान्ति । "



जब स्वर्गदूतहरू तिनीहरूबाट बिदा भएर स्वर्गमा गए, तब गोठालाहरूले आपसमा भने, "आओ, हामी बेथलेहेमसम्म जाऔं, र त्यहाँ घटेको यो घटना र परमप्रभुले हामीलाई बताउनुभएको कुरा गएर हेरौं ।

"तिनीहरू आतुरीसँग गए, र मरियम र योसेफ दुवैलाई, र बालकलाईचाहिँ डूँडमा सुतिरहेका भेट्टाए । जब तिनीहरूले यो देखे, तब त्यस बालकको विषयमा जे कुरा तिनीहरूलाई भनिएको थियो त्यो तिनीहरूले बताइदिए ।

गोठालाहरूले बताएका कुरा सुन्नेहरू सबै आश्चर्यचकित भए । तर मरियमले यी सब कुरा गुन्दै मनैमा राखिन् । जस्तो भनिएको थियो त्यस्तै सबै कुरा सुनेका र देखेका हुनाले, परमेश्वरको महिमा र स्तुति गर्दै गोठालाहरू फर्के ।

आठौँ दिनमा बालकको खतना हुँदा उहाँको नाउँ येशू राखियो, जुन नाउँ उहाँ गर्भमा आउन अघि स्वर्गदूतले दिएका थिए । [2]

[2] बाइबलबाट, विशेषत : नयाँ करारबाट । लूका २ अध्याय, १ पददेखि २१ पदसम्म ।

त्यसैले, क्रिसमस भनेको *येशू* नाम राखिएको एउटा विशेष बालकको जन्मको विषयमा हो । तर येशूको वारेमा त्यति विशेष कुरा के छ त ?

त्यो बुझ्नका निम्ति, स्वर्गदूतहरूले गोठालाहरूलाई भनेको एउटा वाक्यमा हामीले ध्यान केन्द्रित गरौं ।

> *"तब स्वर्गदूतले तिनीहरूलाई भने, 'नडराओ, किनभने हेर, म तिमीहरूलाई **बडो आनन्दको सुसमाचार** सुनाउँछु, जो **सबै मानिसहरू**का निम्ति हुनेछ ।'"* [3]

स्वर्गदूतले "सुसमाचार" ल्याए । कस्तो सुसमाचार ?

धेरै वर्ष पहिला, परमेश्वरले आफ्नो सन्देशवाहक (एउटा भविष्यवक्ताद्वारा [4]) यो घोषणा गर्नुभएको थियो :

> *"हेर, कन्याले (मरियमले) गर्भधारण गर्नेछिन्, र तिनले एउटा पुत्र जन्माउनेछिन्, र उहाँको*

---

[3] बाइबलबाट, लूका २ अध्याय पद १० ।

[4] भविष्यवक्ता भनेको एउटा त्यस्तो व्यक्ति हो जसद्वारा परमेश्वर, प्रायः भविष्यको वारेमा, मानिसहरूसित बोल्नुहुन्थ्यो ।

नाउ'' इम्मानुएल राखिनेछ," जसको अर्थ हो, "परमेश्वर हामीहरूसँग ।" [5]

*येशू*लाई दिइएको अर्को नाम *इम्मानुएल* हो । त्यसैले, यो सुसमाचारको पहिलो अंश यो हो कि परमेश्वर पृथ्वीमा मानवको रूपमा एउटा बालक भएर आउनुभयो । बालक येशू दुबै *पूर्णरूपमा परमेश्वर* र *पूर्णरूपमा मानव* हुनुहुन्थ्यो । त्यसैले, परमेश्वर जसले सबै कुरा सृष्टि गर्नुभएको थियो उहाँ यस पृथ्वीमा मानिसहरूका माझमा बस्नलाई आउनुभयो । ओहो, त्यो त खुसीको समाचार हो ।

दोस्रो कुरा, मरियमको निकट भविष्यमा नै श्रीमान् हुन गइरहेका योसेफलाई परमेश्वरले पहिलेनै निम्न कुरा देखाउनुभएको थियो :

> *"तिनले (मरियमले) एउटा पुत्र जन्माउनेछिन्, र तिमीले उहाँको नाउँ येशू राख्नेछौ, किनभने उहाँले आफ्ना मानिसहरूलाई तिनीहरूका पापबाट बचाउनुहुनेछ ।"* [6]

---

[5] बाइबलबाट, मत्ती १ अध्याय पद २३ ।

[6] बाइबलबाट, मत्ती १ अध्याय, पद २१ ।

येशू नामको वास्तविक अर्थ 'परमप्रभुले बचाउनुहुन्छ' वा 'परमेश्वरले बचाउनुहुन्छ' हो । जस्तै साँचो नबोलने, निर्दयी हुने, अरू मानिसहरूका सामानहरू लिने जस्ता कार्यहरु गरेर सबै मानिसहरूले गल्तीहरू गरेका छन् । त्यसकारण, लाजमा ढाकिएका हामीहरू सबै पापी छौं, चाहे हाम्रो पाप साह्रै सानो नै किन नहोस् । कुनै पनि पापको दण्ड अनन्तको दण्ड हो । येशूमाथि विश्वास गर्ने सबै मानिसहरूलाई तिनीहरूले पाउने दण्डबाट बचाउन परमेश्वरले येशूलाई पठाउनुभयो । येशूले मानिसहरूले पाउनुपर्ने दण्ड आफूले लिनुभयो जब पछि उहाँले दुःख-कष्ट भोग्नुभयो अनि क्रूसमा मर्नुभयो अनि मृतकहरूबाट फेरि वौरी उठ्नुभयो । [7] यो पनि बडो आनन्दको समाचार हो ।

तेस्रो कुरा, येशू ख्रीष्ट संसारको निम्ति आशा हुनुहुन्छ ।

त्यस अन्तिम दिन मानिसहरूका निम्ति यिशैको वंशबाट एउटा झण्डाजस्तै खडा हुनेछ । जाति-

[7] यहूदीहरूले अनुरोध गरेका हुनाले रोमीहरूले येशूलाई पिटे अनि क्रूसमा टाँगे । एउटा काठको क्रूसमा उहाँका हातपाउमा कीला ठोकेर उहाँलाई झुण्डचाइएको थियो, अनि एउटा चिहानमा गाडिएको थियो । त्यसो गरिएको भएतापनि, उहाँ तीन दिनपछि आफू परमेश्वर भएको प्रमाणित गर्दै पुनःजीवित हुनुभयो ।

जातिहरू उहाँकहाँ भेला हुनेछन्, र उहाँको विश्रामको स्थान महिमामय हुनेछ । [8]

येशू कुनै एकदिन फर्केर आउनुहुनेछ अनि उहाँमाथि विश्वास गर्ने र उहाँमा भरोसा राख्ने सबै मानिसहरूलाई विश्रामको एउटा महिमित अनन्तको ठाउँ उपलब्ध गराउनुहुनेछ । यो पनि सुसमाचार हो ।

स्वर्गदूतले यो पनि भनेका थिए कि यो सुसमाचारले *"बडो आनन्द"* ल्याउनेछ । तर कसरी ?

पछि, येशू हुर्केपछि, यी वचनहरू बोल्नुभयो :

"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र येशू दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् । किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाँद्वारा बाँचोस् भनेर पठाउनुभयो ।" [9]

---

[8] बाइबलबाट, यशैया ११ अध्याय, पद १० ।

[9] बाइबलबाट, यूहन्ना ३ अध्याय, पद १६ र १७ ।

येशूद्वारा, परमेश्वरले हामीलाई स्वयं आफू प्रकट गर्दैहुनुहुन्छ ताकि हामीले उहाँलाई अझै जान्न सकौं । येशूद्वारा हाम्रा पापको अनन्तको दण्डबाट स्वतन्त्र हुनका लागि हाम्रो निम्ति परमेश्वरले एउटा बाटो बनाइदिनुभयो, अनि उहाँको परिवारको भाग बन्नका निम्ति हामीलाई उहाँसित पुनर्मिलन गराइदिनुभयो । हामी मरेपछि उहाँको सिद्ध स्वर्गमा परमेश्वरसित सदाको निम्ति बाँच्न सक्छौं, किनभने परमेश्वर मृत्युभन्दा बढी शक्तिशाली हुनुहुन्छ । यो अवश्यपनि त्यति बेला र आज पनि, सुसमाचार हो जसले हामीले यसलाई ठीक प्रकारले बुझेपछि बडो आनन्द ल्याउँदछ ।

अन्त्यमा, स्वर्गदूतले भने कि यो सुसमाचारले *"सबै मानिसहरू"* का निम्ति बडो आनन्द ल्याउँछ । कुन मानिसहरू ?



येशू संसारमा सामान्य तवरले आउनुभयो । उहाँको आगमनको कुरा सर्वप्रथम भेडाबाखा चराउने साधारण, सोझा गोठालाहरूलाई घोषणा गरिएको थियो । पछि, येशूको वारेको समाचार सबै मानिसहरूमा फैलियो, किनभने येशू सबै मानिसहरूका निम्ति आउनुभएको थियो । पहिलाका मानिसहरूका निम्ति, अहिलेका मानिसहरूका निम्ति, र अझ आउने मानिसहरूका निम्ति । स्पष्टरूपमा बडो आनन्द ल्याउने यो सुसमाचार संसारका सबै मानिसहरूका निम्ति हो ।

येशू ख्रीष्ट जन्मनुभयो अनि हामी *सबै*का निम्ति संसारमा आउनुभयो ।

क्रिसमस मनाउने क्रममा, धेरै मानिसहरूले आफूले प्रेम गर्ने मानिसहरूसित उपहार आदान-प्रदान गर्दछन् । परमेश्वरले हामीलाई येशू उपहार दिनुभयो भन्ने कुरा सम्झना गर्नका निम्ति उपहारहरू दिने गरिन्छ । क्रिसमसका उपहारहरू साधारणतया न कमाएर पाइने कुरा हुन् न त आफू योग्य भएर पाइने कुरा हुन्, तिनीहरू त केवल उपहार दिने व्यक्तिले उपहार पाउने व्यक्तिलाई प्रेम गरेको कारणले मात्र दिइन्छ । यो कुराले हामीलाई यो कुराको सम्झना गराउँदछ कि हामी येशूको

उपहार प्राप्त गर्ने योग्यका छैनौं । तथापि, हामीलाई परमेश्वरले अचम्म प्रकारले प्रेम गर्नुभएको कारणले हामीलाई येशू दिइएको हो ।

त्यसो हुँदाहुँदै पनि, हामीले त्यतिबेला मात्र उपहारबाट फाइदा प्राप्त गर्दछौं जब हामीले त्यसलाई हृदयदेखि नै ग्रहण गर्दछौं, अनि हामीले हाम्रा हातहरूले समात्दछौं । त्यसैगरी, हामीले त्यतिबेला मात्र हाम्रा निम्ति येशूले गर्नुभएको बलिदानको फाइदा प्राप्त गर्दछौं जब हामीले हाम्रो मुखले हाम्रो पाप स्वीकार गर्छौं, अनि हृदयबाट नै उहाँमाथि विश्वास गर्दछौं । यदि हामीले त्यसो गरेनौं भने, हामीहरू हाम्रा पापका परिणामहरू र लाजमा सधै अल्झिइरहनेछौं । येशूमा अनि तपाईंको निम्ति उहाँले गर्नुभएको काममा विश्वास गरेर तपाईंले यो क्रिसमस उपहार ग्रहण गरेर समातीराख्न सक्नुहुन्छ । यस्तो कार्य गर्नका निम्ति, तलका वाक्यहरू भनेर अहिले परमेश्वरसित कुरा गर्नुहोस् (वा यस्तै खालका कुरा गर्नुहोस्), किनभने उहाँ नजिक हुनुहुन्छ अनि तपाईंका कुरा सुन्न सक्नुहुन्छ ।

परमेश्वर, म दुःखी छु कि मैले पाप गरेको छु अनि गलत काम गरेर तपाईंको अनादर गरेको छु । कृपया मेरो पाप क्षमा गर्नुहोस् अनि मेरो शरम हटाइदिनुहोस् । हामीलाई उपहारको रूपमा येशू दिनुभएकोमा धन्यवाद । मैले येशूलाई ग्रहण गर्दछु अनि म जान्दछु कि उहाँले मैले गरेका गलत कामहरूका निम्ति दण्ड लिनुभएको छ । तपाईंलाई आदर ल्याउने गरी जीवन जिउनलाई मलाई सिकाउनुहोस् । येशूको नाममा, आमेन् ।

यदि तपाईंले परमेश्वरलाई यसो भन्नुभएको छ र त्यो साँचो हो भने, परमेश्वरले तपाईंको पाप र शरम हटाइदिनुभएको छ अनि तपाईंलाई पूर्णरूपले क्षमा गर्नुभएको छ । तपाईं परमेश्वरसित पुनर्मिलन हुनुभएको छ अनि उहाँको परिवारको भाग हुनुभएको छ अनि तपाईं उहाँको छोरा वा छोरीकोरुपमा आदरको ठाउँमा पुनःस्थापित हुनुभएको छ । यो सुसमाचार हो जसले बडो आनन्द ल्याउँछ ।

त्यसैले, क्रिसमस भनेको खीष्टको उत्सव हो, येशू नाम दिइएको एउटा बालकको उत्सव हो । उहाँ कुनै साधारण बालक हुनुहुन्थ्यो, परमेश्वरले मानवरूपी शरीर लिई हामीसँग रहनका लागि यस पृथ्वीमा आउनुभएको थियो ।

उहाँमाथि विश्वास गर्ने सबै मानिसहरूलाई तिनीहरूका पापहरूदेखि बचाएर अनन्त जीवन र विश्राम ल्याउन येशू परमेश्वरद्वारा अलग गरिनुभएको थियो । येशूको बलिदान शक्तिशाली छ । यसले मानिसहरूलाई परमेश्वरसित पुनर्मिलन गराउँदछ र तिनीहरूलाई परमेश्वरको परिवारमा ल्याउँदछ । उहाँ, तपाईं र तपाईंको परिवारलगायत संसारका सबै मानिसहरूका निम्ति पठाइनुभएको एउटा बालक हुनुहुन्छ । अवश्यपनि क्रिसमस पहिले र आज पनि *सबै मानिसहरूका निम्ति बडो आनन्दको सुसमाचार* हो ।

यदि तपाईंले अरू जानकारी लिन चाहनुहुन्छ भने, कृपया हाम्रो तल दिइएको वेभसाइट हेर्नुहोला वा हामीलाई सम्पर्क गर्नुहोला ।



इमेल: goodnews2nepal@gmail.com

वेभसाइट: www.goodnews2nepal.wordpress.com



यदि तपाईंलाई यो उपहार मन परेको भए, कृपया

यो अरू मानिसहरूसित पनि बाँड्नुहोला ।